फोन नं. ०२३-४६५५०२

# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
शनिश्चरे, झापा

पत्र सं.२०७५/०७६
च.नं.: ३५२

मिति: २०७५/०५/०८

**विषयः साना फार्म मेशिनरी तथा साना सिंचाई आयोजना माग गर्ने बारेको सूचना !!!**

उक्त सम्बन्धमा अर्जुनधारा नगरपालिकाको कार्यालय, कृषि विकास शाखाको आर्थिक बर्ष २०७५/०७६ स्वीकृत बार्षिक कार्यक्रम बमोजिम सञ्चालन गरिने कार्यक्रम मध्ये साना-फार्म मेशिनरी पचास प्रतिशत अनुदानमा वितरण तथा साना सिंचाई निर्माण र मर्मत संभारका कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने भएकोले उपभोक्ताहरुको समेत लागत सहभागितामा उक्त कार्यक्रम माग एव सञ्चालन गरी लाभान्वित हुन इच्छुक कृषक समूह, कृषि सहकारी संस्था, कृषि उद्यमी लगायत नेपाल सरकारको स्वामित्वबाट गठित तथा सञ्चालित संघ संस्था तथा निकायहरुले निम्न बमोजिमका कागजातहरु समावेश गरी अर्जुनधारा नगरपालिकाको कार्यालय, कृषि विकास शाखामा मिति २०७५ आश्विन १० गते कार्यालय समय भित्र आवेदन पेश गर्नहुन सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>कार्यक्रमहरुः</u>

**<u>१, साना सिंचाई निमार्ण तथा मर्मत संभारः-:</u>**

क) स-साना सिंचाईका मुहान मर्मत/कुलो तथा पैनी निमार्ण तथा मर्मत कार्य

ख) सिंचाईका लागि मोटर बोरिङ्ग, पम्पसेट बोरिङ्ग तथा सिंचाई मोटर वितरण/जडान आदि।

**२, साना फार्म मेशिनरी हरुमा :-**

क), मिनी टिलर, हाते रिपर, मकै छोडाउने बिद्युतीय मेशिन, धान गोड्ने उईडर, मकैरोप्ने मेशिन, आलु रोप्ने मेशिन आदि

**निवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

१, समूह/संस्था तथा उद्यमीको बैठक निर्णयको प्रतिलिपीः- एकप्रति

२, समुह/संस्था/को दर्ता प्रमाण पत्र वा सुचिकृत प्रमाण-पत्रको प्रतिलिपी।

३.जग्गा भाडामा (लिज) लिई समुह/संस्था/कृषि फार्म/व्यक्तिले सञ्चालन गरेको भएमा जग्गाको क्षेत्रफल खुलेको करारनामा कागजातको प्रलिलिपी।

४.नगरपालिका सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

नोटः बिस्तृत जानकारीको लागि अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आई बुझ्न सकिने छ। साथै मोवाईल नं. ९८४२६३७८५५ मा समेत सम्पर्क राखी थप जानकारी लिन हुन अनुरोध छ।

शाखा प्रमुख
कृषि विकास शाखा,
अर्जुनधारा नगरपालिकाको कार्यालय, शनिश्चरे झापा